# प्रतिनिधि सभा

## विकास तथा प्रविधि समिति

### विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयकका सम्बन्धमा समितिको प्रतिवेदन

१. विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक (यसपछि "विधेयक" भनिएको) को दफा १ को,-

(१) उपदफा (१) मा रहेका "२०७५" भन्ने अंकहरुको सट्टा "२०७६" भन्ने अंकहरु राख्ने ।

(२) उपदफा (२) को सम्बन्धमा राष्ट्रिय सभाबाट पारित संशोधनको सट्टा विधेयकको साविक व्यवस्थालाई कायम राख्ने ।

२. विधेयकको दफा २ कोखण्ड (ज) मा रहेका "विज्ञापन गर्ने व्यक्ति" भन्ने शब्दहरु पछाडि "वा संस्था" भन्ने शव्द थप गरी मिलाउने ।

३. विधेयकको दफा ४ को,-

(१) उपदफा (४) मा रहेको "अनुमतिपत्र दिनेछ ।" भन्ने शव्दहरुपछि "त्यसरी अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले अनुमतिपत्रमा उल्लिखित अवधि समाप्त भएपछि त्यस्तो होर्डिङ्ग बोर्ड हटाउनु पर्नेछ ।" भन्ने वाक्यांश थप गर्ने ।

(२) उपदफा (५) को,-

(क)खण्ड (च) को सट्टा देहायको खण्ड (च) राख्ने ।

"(च)विद्युत, टेलिफोन लगायतका खम्बामा त्यस्तो बोर्ड राख्ने विषयमा,"

(ख)खण्ड (छ) पछि देहायको खण्ड (ज) राखी खण्डक्रममिलाउने ।

"(ज) कुनै घरको झ्याल ढोका छेकी त्यस्तो घरमा हावा र घाम आउन वाधा पुग्ने भएमा,"

४. विधेयकको दफा ५ को,-

(१) उपदफा १ को,-

(क) खण्ड (छ) को सम्बन्धमा राष्ट्रिय सभाबाट पारित संशोधनको सट्टा विधेयकको साविक व्यवस्थालाई कायम राख्ने ।

(ख)खण्ड(ज) को सम्बन्धमा राष्ट्रिय सभाबाट पारित पूर्णविराम चिन्ह "।" राख्ने गरी भएको संशोधन हटाइ विधेयकको साविक व्यवस्थालाई काम गर्ने र राष्ट्रिय सभाबाट थप गरिएको प्रतिवन्धात्मक व्यवस्था कायम राखी मिलाउने ।

(ग)साविक खण्ड (झ) को सट्टामा देहायको खण्ड (झ) राख्नेः-

"(झ) अन्धविश्वांसलाई प्रोत्साहन हुने विषयमा"

(२) उपदफा २ को,-

(क)खण्ड (च) मा रहेका"क्षेत्र वा वैचारिक आस्था" भन्ने शब्दहरुको सट्टा "क्षेत्र, वैचारिक आस्था वा अपाङ्गता" भन्ने शव्दहरु राख्ने ।

(ख)खण्ड (ञ) र (ट) मा राष्ट्रिय सभाबाट पारित संशोधनको सट्टा विधेयकको साविक व्यवस्थालाई कायम राख्ने।

५. विधेयकको दफा ६ को,-

(१) उपदफा (१) मा रहेका "नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि" भन्ने शब्दहरु झिक्ने ।

(२) उपदफा (१) पछि देहायको उपदफा (२)थप गरी त्यसपछिको उपदफा क्रम मिलाउनेः-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ हुँदाको बखतमा विदेशी च्यानलसँग डाउनलिंक गरी प्रसारण गर्न सम्झौता गरिसकेका संस्थाहरुले यस ऐन प्रारम्भ भएको एक वर्षभित्र विज्ञापन रहित (क्लिन फिड) प्रसारण गर्नु पर्नेछ ।"

६. विधेयकको दफा ७ मा रहेको "देखिने" भन्ने शव्द झिक्ने।

७. विधेयकको दफा १२ मा रहेका"छापा वा सञ्चारका माध्यमले" भन्ने शव्दहरु पछि " वा सामाजिक सञ्जालको माध्यमबाट विज्ञापन गर्ने व्यक्ति वा संस्थाले" भन्ने शब्दहरु थप्ने।

८. <u>विधेयकको दफा १४ को,-</u>

(१) उपदफा (१)को खण्ड (छ)झिक्ने ।

(२) उपदफा (१) पछि देहायको उपदफा (२)र (३)राखी त्यसपछिको उपदफाक्रम मिलाउनेः-

"(२)वोर्डको वरिष्ठ कर्मचारी मध्येबाट वोर्डले तोकेको कर्मचारीले वोर्डको सचिव भई काम गर्नेछ ।

(३)उपदफा (१) को खण्ड (च) बमोजिमका सदस्यहरुको मनोनयन गर्दा समावेशी सिद्धान्तको आधारमा गर्नुपर्नेछ ।"

(३) विधेयकको उपदफा (३) तथा उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (५)मा रहेका"पदावधि तीन वर्षको" भन्ने शब्दहरुको सट्टा"पदावधि चार वर्षको" भन्ने शव्दहरु राख्ने ।"

(४) विधेयकको उपदफा (४) तथा उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (६) मा रहेका"उपदफा (३)" भन्ने शव्दहरुकोसट्टा "उपदफा (५)" भन्ने शव्दहरु राख्ने ।

(५) विधेयकको उपदफा (५) तथाउपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (७) मा रहेका"उपदफा (४)" भन्ने शव्दहरुकोसट्टा "उपदफा (६)" भन्ने शव्दहरु राख्ने ।

९. विधेयकको दफा १८ कोउपदफा (२) मा रहेका "तीन वर्ष" भन्ने शव्दहरुको सट्टा "चार वर्ष" भन्ने शव्दहरु राख्ने ।

१०. विधेयकको दफा २३ को,-

(१) उपदफा (२) मा राष्ट्रिय सभाबाट संशोधनको सट्टा विधेयकमा रहेको"अध्यक्षको अतिरिक्त" भन्ने शव्दहरु पछि "समावेशी सिद्धान्तको आधारमा" भन्ने शब्दहरु थप गरी मिलाउने।

(३) उपदफा (३) मा रहेका" त्यस्तो विज्ञापन तत्काल वन्द गर्न वा हटाउन आदेश दिन सक्नेछ ।" भन्ने शव्दहरुको सट्टा" त्यस्तो विज्ञापनसंशोधन गर्न, वन्द गर्न वा हटाउन आदेश दिनेछ ।" भन्ने शव्दहरु राख्ने ।

११. विधेयकको दफा २४ कोउपदफा (३) मा रहेका"त्यस्तो विज्ञापन तत्काल वन्द गर्न वा हटाउन आदेश दिन सक्नेछ" भन्ने शव्दहरुको सट्टा" त्यस्तो विज्ञापनसंशोधन गर्न, वन्द गर्न वा हटाउन आदेश दिनेछ" भन्ने शव्दहरु राख्ने ।

१२. विधेयकको दफा ३० को उपदफा (२) मा रहेका"जाँचवुझ गरी" भन्ने शव्दहरुको सट्टा "जाँचवुझ गर्दा क्षति पुगेको देखिएमा" भन्ने शव्दहरु राख्ने र सोही उपदफामा रहेका"दिन सक्नेछ" भन्ने शव्दहरुकासट्टा "दिनु पर्नेछ"भन्ने शव्दहरु राख्ने ।

१३. विधेयकको दफा ३१ पछि दफा ३२ थप गर्ने गरी राष्ट्रिय सभाबाट पारित संशोधनमा देहाय बमोजिमको सामान्य परिमार्जन सहित मिलाउने ।

"३२. **बोर्ड मार्फत विज्ञापन गर्नु पर्नेः**(१) नेपाल सरकार वा नेपाल सरकार अन्तर्गतका निकायले लोक कल्याणकारी वा अन्य विज्ञापन वा सूचना प्रकाशन तथा प्रसारण गर्दा बोर्ड मार्फत गर्नु पर्नेछ र त्यस्तो विज्ञापन बापतको रकम बोर्ड मार्फत खर्च गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा नेपाल सरकार अन्तर्गतका निकायहरुले कुनै विज्ञापन वा सूचना तत्काल प्रकाशन गर्नु पर्ने अवस्था भएमा विज्ञापन वा सूचनाको एक प्रति बोर्डलाई उपलब्ध गराई सो बापतको रकम बोर्ड मार्फत भुक्तानी गर्ने गरी कुनै पनि माध्यमबाट विज्ञापन वा सूचना प्रकाशन गर्न वाधा पर्ने छैन ।"

१४. विधेयकको साविक दफा ३३ तथा दफाक्रम मिलाउँदा कायम हुन आएको दफा ३४ मा रहेका "दफा ३२बमोजिमको" भन्ने शव्दहरुको सट्टा "दफा ३३ बमोजिमको" भन्ने शव्दहरु राख्ने ।